नेपाल एसबिआइ बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licenced by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website: www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

**नेपाल एसबिआई बैंक लि.**

**प्रेश विज्ञप्ती**

मितिः २०७५/०९/३०, सोमबार

**नेपाल एसबिआई बैंकको २५औं वार्षिक साधारणसभा सम्पन्न**

**शेयरधनीलाई चुक्ता पूँजीमा १५.७९% लाभाशं (५% वोनश तथा १०.७९% नगद) वितरण गर्ने प्रस्ताव पारित**

नेपाल एसबिआई बैंक लि.का शेयरधनीहरुको २५औं वार्षिक साधारणसभा मिति २०७५ पौष ३० गते (तदनुसार १४ जनवरी २०१९) त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौंमा सम्पन्न भयो । उक्त सभाले बैंकको आ.व. २०७४/७५ को संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७५ को वासलात, आ.व. २०७४/७५ को नाफानोक्सान हिसाब र सोही अवधीको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) पारित गर्‍यो ।

बैंकले आ.व. २०७४/७५ मा रु. २७६.१७ करोड संचालन मुनाफा र रु. २०२.३५ करोड खुद मुनाफा हासिल गरेको छ ।

सभाले बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीमा १५.७९ प्रतिशतका दरले लाभांश (५%वोनश शेयर र १०.७९% नगद लाभांश) वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

साधारणसभाले बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७४/०७५ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण समेत स्वीकृत गरेको छ ।

उक्त सधारणसभाले आ.ब. २०७५/७६ को बैंकको लेखापरीक्षण गर्नका लागि मेशर्स पिकेएफ टि.आर. उपाध्याय एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई लेखापरीक्षकमा नियुक्ती एवं निजको पारिश्रमिक अनुमोदन गरेको छ । साथै, उक्त सभाले बैंकको प्रबन्धपत्र तथा नियमावलीका विविध दफा/नियममा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

देवराज अधिकारी
प्रमुख सूचना अधिकारी

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4432431

89147